# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ फागुन २२ गते

## बन्द संस्कृति अन्त्य हुनुपर्छ

देशमा राजनीतिक अस्थिरता कायम रहेको र अमन चैनको अवस्था सन्तोषजनक नभएको अवस्थामा पछिल्लो समयमा विभिन्न पेशागत संगठन, राजनीतिक दल र तिनका भ्रातृ संगठनले बन्दको आह्वान गरेकोप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

बन्दले जनजीवन र जनजीविकामा पीडादायक असर पार्छ भन्ने तथ्य विगतका नेपाल बन्दहरूबाट पुष्टि भइसकेका छन् । बन्दबाट असर खासगरी बिरामी, ज्याला-मजदुरी गरेर जीविका चलाउने जनस्तरका नागरिक र समग्रमा सबैको मानव अधिकारमा नकारात्मक असर पर्ने भएकोले बन्दको संस्कृति अन्त्य गर्न सरोकारवाला व्यक्ति तथा संगठनहरूसँग आयोग आग्रह गर्दछ ।

सर्वसाधारण नागरिक निर्भयपूर्वक हिंडडुल गर्न पाउने; शिक्षा, स्वास्थ्य सेवालगायतका अत्यावश्यक सेवाहरू निर्धक्क ढङ्गले उपयोग गर्न पाउने नागरिक मौलिक अधिकारको सम्मान गर्न आयोगले बन्दका आह्वानकर्ताहरूलाई पटक-पटक आग्रह गर्दै आएको छ । बन्दजस्तो सर्वसाधारणलाई दवाव पार्ने कदम नउठाउन र चित्त नबुझेका कुराहरू वार्ता र संवादबाटै समाधान गर्न आयोग सम्वद्ध सबै पक्षसँग आग्रह गर्दछ ।

साथै बन्द आह्वानकर्ताहरूको न्यायोचित मागलाई संवादको माध्यमबाट बेलैमा सम्बोधन गरी शान्ति व्यवस्था कायम गर्न सरकारसँग आयोग हार्दिक गर्दछ ।

(वेदप्रसाद भट्टराई)

का.मु. सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org